**आदरणीय निर्वाचन क्षेत्र नं.५ कैलालीवासी मतदाता आमा,बुवा युवा दाजु भाई दिदी, बहिनीहरू,**

अछाम जिल्लाको दुर्गम गाउँमा सामान्य परिवारमा जन्मिएर विगत लामो समयदेखि धनगढी उपमहानगरपालिका वडा नम्बर ५ हसनपुरमा स्थायी रुपमा बसोबास गर्दै आएको छु । कैलालीलाई अध्ययन, राजनीतिका साथै नवजीवन अस्पताल लगायतका व्यवसाय सञ्चालन गरेको छु । मैले यस क्षेत्रका जनतालाई रोजगारीदेखि आर्थिक अवस्था कमजोर भएका जनताको सेवा पनि गर्दै आएको छु ।

विद्यार्थी राजनीतिदेखि कैलालीलाई कर्मथलो बनाई हाल नेकपा एमाले जिल्ला कमिटीको अध्यक्ष पदको जिम्मेवारी सम्हाल्दै गर्दा आसन्न फागुन २१ को प्रतिनिधि सभा निर्वाचनमा सूर्य ध्वजावाहक उम्मेदवारको रूपमा खडा भएको छु ।

लोकतन्त्रको मूलशक्ति तपाईं आम जनसमुदायको मत हो, र यसलाई पूर्ण रूपमा सम्मान गर्ने प्रतिबद्धताका साथ तपाईं सामु पहिलोपटक भविष्यको प्रतिनिधि सभा सदस्यमा आफ्नो अमूल्य मत दिई निर्वाचित गर्नुहुन हार्दिक अपिल गर्दछु । म बोलेर होइन, गरेर देखाउने वचनबद्धता जाहेर गर्दछु ।

देश संक्रमण कालमा छ । देशमा जबरजस्त रूपमा परिवर्तनका नाममा युवाहरूको अभिमतलाई प्रभाव पार्ने कोसिस गरिँदैछ । विगतका वर्षहरूमा भएका सकारात्मक कार्यहरूलाई मेटाउने कोसिस गरिँदैछ । शून्यकाम भन्ने भाष्य खडा गरिँदैछ । जे–एन.जी र सम्पूर्ण युवाहरूलाई म आह्वान गर्दछु, तपाईंको बलिदान, त्याग र सपनालाई सूर्य ध्वजावाहक उम्मेदवारहरूको प्रतिनिधि सभाको बहुमतले मात्र पुरा गर्ने सक्नेछ ।

**सम्पूर्ण मतदाताज्यूहरू,**

राजनीति पेसा होइन, समाज परिवर्तनको माध्यम हो, भन्ने मेरो मान्यता छ । सार्वजनिक पदमा इमानदारीता, पारदर्शिता र निष्ठालाई शिरोपर गरेर जनताको सेवामा लाग्ने मेरो दृढ अठोट छ । विद्यार्थी आन्दोलनबाट उठाएर राजनीतिक यात्रामा रहँदा कैलालीका हरेक गाउँवस्ती र टोलमा पुगेको छु। म शिक्षा, स्वास्थ्य र समाज सेवामा संलग्न रहेर कैलालीवासी मात्र नभएर समग्र सुदूरपश्चिमका जनताको पिडाको मलम बन्ने कोसिस गरेको छु र गरिरहनेछु ।

म कैलाली जिल्लाको क्षेत्र नं ५ अन्तर्गत रहेको धनगढी उपमहानगरपालिकाका १९ वडा र कैलारी गाउँपालिका अन्तर्गतका वडा नं। ६ र ९ गरि कुल २९ वडाका ३९ वटा मतदान केन्द्रका कुल १,१०,५३९ मतदातालाई सबैको साझा उम्मेदवारको रूपमा स्वीकार गर्न आग्रह गर्दछु ।

मलाई विश्वास छ, म युवा विद्यार्थी लगायत सम्पूर्ण आमाबुवा, दाजुभाई, दिदीबहिनीको छनोटमा पर्नेछु । युवा पुस्ताको परिवर्तनको सपना साकार पार्न तपाईं नवयुवा पुस्ताको परिवर्तनको सपना साकार पार्न नपाई नव युवा मतदाताहरूको विश्वास पात्र हुने कुरामा ढुक्क छु । मेरो सामाजिक सेवाको जग तपाईं आम मतदाताको भविष्यमा सकारात्मक प्रभाव पार्ने सारथी रहनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

**कैलाली–५ का मतदातासँग मेरा प्रतिबद्धताहरू**

**१. सूचना प्रविधि र डिजिटल विकास**

- सूचना प्रविधिको दुरत विकास भइरहेको अहिलेको समयमा कैलाली–५ का आम नागरिकलाई प्रविधिको पहुँचमा पुगाउन धनगढी उपमहानरपालिकाका १९ र कैलारी गाउँपालिकाका ६ र ९ गरेर २१ वडामा द्रुत र भरपर्दो इन्टरनेट सेवा विस्तार गर्न पहल गर्नेछु।
- सुदूरपश्चिमको राजधानी धनगढी उपमहानगरपालिकालाई महानगरपालिकामा स्तरोन्नत गर्दै सुविधा सम्पन्न डिजिटल महानगरपालिक बनाउने कार्यमा लाग्नेछु।
- यहाँका विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयमा निःशुल्क÷सहुलियत वाइफाइ सुविधा विस्तार गर्ने, युवा, महिला र विद्यार्थी लक्षित डिजिटल साक्षरता तालिम सञ्चालन, आईटी हब र टेक्नोलोजी पार्क स्थापनाको योजना अघि बढाइनेछ।

**२. शिक्षा र स्वास्थ्य**

- नेपाल सरकारले लागु गरेको स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बनाउँदै निजी अस्पतालमा पनि विस्तार गर्ने, सुदूरपश्चिम प्रदेश सरकार मातहत रहेको सेती प्रादेशिक अस्पताललाई संघीय सरकार मातहत ल्याएर स्तरोन्नति र विशेषज्ञ एवंम् गुणस्तरीय सेवा विस्तारमा विशेष भूमिका खेल्नेछु।
- गेटामा सञ्चालनमा आइरहेको शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा एमबीबीएसको अध्ययन शिघ्र सञ्चालन गर्ने तथा ६०० शैयाको अस्पताल स्थापना गर्ने योजनालाई कार्यान्वयन गर्न पहल गर्ने।
- यो क्षेत्रका सबै विद्यालयमा डिजिटल कक्षा र प्रविधियुक्त गुणस्तरीय शिक्षा पठनपाठन गर्न नीतिगत व्यवस्थाका लागि अग्रसरता लिने।
- यस क्षेत्रमा स्थानीय तहले सञ्चालन गरेका सहरी स्वास्थ्य केन्द्रहरुमा कम्तीमा एक जना विशेषज्ञ डाक्टरसहित आवश्यक स्वास्थ्यकर्मी र निःशुल्क औषधीको व्यवस्था गर्ने।
- सेती प्रादेशिक अस्पतालमा स्टाफ नर्स, एच.ए,फार्मेसी लगायत स्वास्थ्यसँग सम्बन्धित विषयको पठनपाठनको व्यवस्था गर्ने।
- प्रविधिको विकासलाई मध्यनजर गरी नवयुवा पुस्तालाई स्वरोजगार बनाउन यस क्षेत्रमा रहेका सामुदायिक क्याम्पसरुहमा प्राविधिक धारका विषयरुको अनिवार्य अध्ययापनको प्रबन्ध गर्ने।
- महिला, बालबालिका र ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य सेवा प्रदान गर्ने।
- थारु समुदायमा देखिएको सिकलसेल,मुटु रोग, क्यान्सर, मृगौला, कलेजो सम्बन्धी दीर्घ रोगको उपचारका लागि पाइने अनुदानमा बृद्धि गरि शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा छुट्टै वार्ड सञ्चालन गरि उपचारको व्यवस्था मिलाइनेछ।

**३. सुशासन र पारदर्शिता**

- सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँच पुगाउन नीतिगत सुधारमा पहल गर्ने साथै आर्थिक पारदर्शीता, छरितो, सरल र जनमैत्री सेवा प्रवाह गराउन जोड दिने
- म भ्रष्टाचार, अनियमितता जस्ता कुराबाट आफूलाई टाढा राख्नेछु । कुनै पनि भ्रष्टाचारजन्य काम गर्ने छैन ।
- जनताको हितलाई असर पार्ने तथा भ्रष्टाचारलाई नियन्त्रण गर्न बाधक बनेका नीतिहरुलाई संशोधन गरि सुशासन कायम गर्न पहल गर्ने ।
- सार्वजनिक कार्यालयमा डिजिटल गुनासो व्यवस्थापन प्रणाली तथा प्रत्येक तीन देखि सात महिनाको बीचमा जनतासँग प्रत्यक्ष संवाद गर्ने व्यवस्था मिलाउनेछु ।

**४. युवा, सीप र रोजगारी**

- औद्योगिकरण मार्फत मुलुकलाई आर्थिक रुपमा सबल, रोजगारी सिर्जना तथा परनिर्भरताको अन्त्य गर्नका लागि स्वदेशी तथा विदेशी उद्योगरुलाई राष्ट्रिय हितमा प्रतिकूल नहुने गरी निःशुल्क उद्योग दर्ता तथा आवश्यक जमिनको व्यवस्था गर्ने ।
- स्थानीय उद्योगमा युवालाई प्राथमिकता दिदै एक युवा–एक रोजगारक अभियान अघि बढादै पाँच वर्षमा कम्तीमा पाँच हजार रोजगारी सिर्जना गर्नगरि अघि बढ्नेछु ।
- स्टार्टअप कर्जाको दायरा बृद्धि गर्दै युवाहरुलाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाउन पहल गर्नेछु ।
- बढ्दो बेरोजगारी न्यूनीकरण गर्न सीपमूलक तालिम केन्द्र स्थापना गर्दै स्वरोजगार र उद्यमशीलता कार्यक्रम सञ्चालन गर्न नीतिगत व्यवस्था गराउन भूमिका खेल्ने ।
- श्रमिकहरुको न्यूनतम ज्याला समयानुकुल बृद्धि गरि कार्यान्वयन गर्ने र त्यसको अनुगमन गर्न संरचनागत विकास गर्ने ।
- त्रिनगर भन्सार नाकालाई आधिकारीक र स्थायी नाकाका रुपमा विकास गर्न आवश्यक पहल गर्नेछु ।

**५. कृषि र स्थानीय अर्थतन्त्र**

- भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लामो समय देखि समस्याको रुपमा रहेको लालपुर्जा वितरणको कार्य अविलम्ब अगाडी बढाउने ।
- कृषिको आधुनिकरण गर्दै यहाँका किसानका लागि सिँचाइ सुविधा विस्तार, कृषि उपजको सयममा नै उचित मूल्य निर्धारण, लगानीमा बृद्धि, कृषि बीमा तथा कृषिमा आधारित उद्योग स्थापना तथा विकास ।
- खाद्य प्रशोधन उद्योग स्थापना तथा युवा कृषक र  सहुलियत ऋण र तालिमको व्यवस्था मिलाउन भूमिका खेल्नेछु ।

## ६. पूर्वाधार र शहरी विकास

- यातायातका सवारी साधनहरुको वार्षिक रुपमा गर्ने नवीकरणको व्यवस्थालाई परिवर्तन गरि तीन वर्षमा एकपटक गर्ने प्रबन्ध गरिनेछ।
- प्रत्येक नागरिकलाई शुद्ध खानेपानीको पहुँचमा पुगाउन एक घर, एक धारा नीतिको पूर्ण कार्यान्वयन गर्ने।
- धनगढीमा योजनाबद्ध आवास र व्यवस्थित बस्ती विस्तार गर्दै औद्योगिक क्षेत्र, कृषि बजार र पर्यटन प्रवद्र्धनका काम गर्नेछु।
- खुटिया र मोहना नदीमा जनताको तटबन्ध कार्यक्रम विस्तार गरि नदी नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने।
- अधुरा र अलपत्र अवस्थामा रहेका योजना तत्काल कार्यान्वयन गर्न पहल गर्नेछु। अन्य पूर्वाधार विकासका योजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गराउनेछु।
- धनगढी विमानस्थललाई स्तरोन्नती गरि क्षेत्रीय, अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्ने योजनालाई शिघ्र कार्यान्वयनमा ल्याउन पहल गर्नेछु।
- धनगढी–खुटिया–दिपायल दुरत मार्ग अन्तरगत धनगढीदेखि स्याउलेसम्मको सडकलाई चार लेनको बनाउन पहल गरिनेछ।
- फाप्ला क्रिकेट खेल मैदानलाई अन्तराष्ट्रिय स्तरको रंगशाला निर्माण गरि धनगढीलाई क्रिकेट सहरका रुपमा विकास गरिनेछ।
- रामपुर मोरी बंगरा हुँदै बेली जाने सडक निर्माणका लागि पहल गर्नेछु।

## ७. भूमि अधिकार र सामाजिक न्याय

- सुकुम्बासी, भूमिहीनलाई लालपुर्जा, दलित, महिला, थारू, जनजाति र सीमान्तकृत समुदायको सशक्तीकरण, आदिवासी, जनजाती, थारू समुदायको भाषा र संस्कृतिको संरक्षण गर्न विशेष खालको अभियान अघि बढाइनेछ।
- दिपायलमा रहेको उच्च अदालतलाई प्रदेश राजधानीमा राख्ने कानुनी प्रबन्धलाई कार्यान्वयन गरि धनगढी सार्न पहल गर्ने।
- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा अस्थायी, करार, ज्यालादारी, मजदुरहरुलाई समेट्नुका साथै अनिवार्य लागु गर्न बाध्यकारी कार्यान्वयनको प्रबन्ध गर्ने।

**८. महिला, बालबालिका र ज्येष्ठ नागरिक**

- महिलालाई आत्मानिर्भर बनाउन निःशुल्क सीप, तालिम र उद्यमशीलता कोष स्थापना गर्दै व्यवसाय गर्न सहुलियत ऋण प्रदान गर्ने
- पाठेघर र स्तन क्यान्सर जस्ता प्राण घातक रोगको निःशुल्क परीक्षण गर्ने व्यवस्था मिलाउने
- बालबालिकालाई निःशुल्क पाठ्य पुस्तक, पोशाक र छात्रवृत्ति दिने कार्यलाई प्रभावकारी बनाउन भूमिका खेल्ने तथा बालमैत्री विद्यालय, खेलमैदान र पुस्तकालय स्थापनाका लागि काम गर्नेछु ।
- बालश्रम र दुव्र्यवहार विरुद्ध कडा निगरानी राख्ने, ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना, निःशुल्क स्वास्थ्य परीक्षण र औषधिको व्यवस्था, घरदैलोमै स्वास्थ्य सेवा र सामाजिक सुरक्षा भत्ता डिजिटल र सहज वितरणको प्रबन्ध मिलाउन भूमिका खेल्ने ।

**सूर्य चिन्हमा मतदान गरौं ।**

**नेकपा(एमाल) का उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराऔँ !**

**यज्ञराज ढुंगाना**

**प्रतिनिधि सभा सदस्य उम्मेदवार**

**कैलाली क्षेत्र नं ५**

**सम्पर्क नम्बर ९८५८४२२००९**